शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १ २५ माघ २०७९

## भाग- २

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयको
सूचना

# शिवालय गाउँपालिकाको गाउँपालिका बस सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :**

सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच स्थापित गर्न सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी मैत्री वातावरण सृजना गर्न,सुरक्षित भरपर्दो सर्वसुलभ, गुणस्तरिय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी र सेवामुखी रुपमा बस सेवा संञ्चालन तथा व्यवस्थापन गर्न, यातायात क्षेत्रमा समयानुकुलको प्रविधिलाई उपयोग गर्न, साझेदारी विकास कार्यक्रमलाई टेवा पुर्याउन तथा यातायात सेवामा सुशासन कायम गर्न गाउँ बस सेवा संचालनको लागि आवश्यक कार्यविधिको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) तथा शिवालय गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिईएको अधिकार प्रयोग गरी शिवालय गाउँ कार्यपालिकाले गाउँ बस संञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७९ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "शिवालय गाउँपालिकाको गाउँ बस सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०७९" रहेको छ ।

(२) यी कार्यविधि शिवालय गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधामा :

**(क) "कार्यविधि"** भन्नाले शिवालय गाउँपालिकाको गाउँ बस सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ सम्झनु पर्छ ।

**(ख) "ऐन"** भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ स्थानीय सरकार संचालन ऐन २०७४ र सो अन्तर्गत रही शिवालय गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका ऐन समेतलाई सम्झनु पर्छ ।

**(ग) "गाउँपालिका"** भन्नाले शिवालय गाउँपालका सम्झनुपर्छ ।

**(घ) "अध्यक्ष"** भन्नाले शिवालय गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

**(ङ) "उपाध्यक्ष"** भन्नाले शिवालय गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

**(च) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शिवालय गाउँकार्यपालिकाको कार्यालय प्रमुख लाई सम्झनु पर्छ ।

**(छ) "समिति"** भन्नाले दफा ३ बमोजिम गठन भएको गाउँपालिका बस सेवा संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

**(ज) "निर्धारित"** भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार प्रदेश सरकार वा शिवालय गाउँपालिकाले यातायात व्यवस्थापन सम्बन्धि विषयमा समय समयमा गर्ने निर्णय वा तोकिने मापदण्डलाई सम्झनुपर्छ ।

**(झ) "पार्किङ स्थल"** भन्नाले सवारी साधन राख्न निर्धारण गरेको स्थल सम्झनुपर्छ ।

**(ञ) "प्रदुषण"** भन्नाले सावारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदुषण सम्झनुपर्छ ।

**(ट) "बस बिसौनी"** भन्नाले यात्रुवाहक सार्वजनिक सवारीमा यात्रुलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनुपर्छ।

**(ठ) "संघिय कानुन"** भन्नाले संघिय संसदबाट जारी भएको यातायात व्यवस्था सम्बन्धि कानुनलाई सम्झनुपर्छ ।

**(ड) "प्रदेश कानुन"** भन्नाले प्रदेश सभा कर्णाली प्रदेशबाट जारी भएको यातायात व्यवस्थापन सम्बन्धि कानुनलाई सम्झनुपर्छ ।

**(ढ) "संस्था" वा "कम्पनी"** भन्नाले प्रचलित कानुन बमोजिम सार्वजनिक यातायात सेवा संचालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनुपर्छ ।

(ण) **"सार्वजनिक यातायात"** भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन संचालित बस लगायतका सार्वजनिक यातायातका लागि इजाजत पत्र प्राप्त गरी संचालन गरिएका यातायातका साधन सम्झनुपर्छ।

(त) **"गाउँ बस सेवा"** भन्नाले शिवालय गाउँपालिकाद्धारा संचालित गाउँ बस सेवालई जनाउनेछ।

(थ) **"सम्बन्धित निकाय"** भन्नाले शिवालय गाउँपालिकाको क्षेत्रभित्र यातायात व्यवस्थापन सम्बन्धमा कामकारवाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय अन्य स्थानीय सरकार गैर सरकारी संघ संस्थालाई समेत सम्झनु पर्छ

(द) **"सेवा प्रदायक"** भन्नाले सार्वजनिक यातायात सेवा संचालन गर्ने उदेश्यले प्रचलित कानुन बमोजिम स्थापित संघसंस्था कम्पनी वा व्यक्ति सम्झनुपर्छ।

(ध) **"सवारी"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधनलाई सम्झनुपर्छ

(न) **"यातायात सेवा"** भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउवाट अर्को ठाउँसम्म यात्रु वा मालसामान ओसार पसार गर्ने कार्य सम्झनु पर्छ।

(प) **"मालसामान"** भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसार पसार गरिने जनावर पन्छी तथा कुनै निर्जिव वस्तु सम्झनुपर्छ।

(फ) **"चालक"** भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ब) **"चालक अनुमतिपत्र"** सवारी साधन चलाउन पाउने गरी अधिकार प्राप्त अधिकार ीले दिएको सवारी चालक अनुमति पत्र लाई सम्झनुपर्छ।

(भ) **"परिचालक"** भन्नाले अधिकार प्राप्त अधिकारीबाट परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्पर समेतलाई जनाउछ।

(म) **"बस विसौनी"** भन्नाले यात्रुवाहक सार्वजनिक सवारीमा यात्रुलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित गरिएको ठाउँ सम्झनु पर्छ

## परिच्छेद २

## समिति सम्बन्धी व्यवस्थाः

३. **गाउँ बस सेवा संञ्चालन तथा व्यवस्थापन समिति :** (१) सवारी चालक, सेवा प्रदायक व्यक्ती संस्था कम्पनीले सर्वसुर्लभ गुणस्तरीय र विश्वसनिय गाउँ बस संञ्चालन गरे नगरेको चालक परिचालक तथा यात्रुले प्रचलित कानून बमोजिम कार्य गरे नगरेको अनुगमन गरी कानून बमोजिम कारबाही गर्न गराउन आवश्यक कारबाहीको सिफारिस गर्न देहाय बमोजिमको गाउँ बस सेवा संञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछः

| | | |
|---|---|---|
| क) | पुर्वाधार विकास समितिको संयोजक | संयोजक |
| ख) | कार्यपालिका सदस्यहरु मध्ये १ जना महिला सहित २ जना | सदस्य |

ग) यातायात व्यवसायी संघको प्रतिनिधि — सदस्य

घ) उद्योग तथा बाणिज्य संघको प्रतिनिधि — सदस्य

ङ) ट्राफिक कार्यालयको प्रतिनिधि — सदस्य

च) प्रशासन शाखा प्रमुख — सदस्य सचिव

२ समितिको वैठक सामान्यतया महिनामा एक पटक वस्ने छ तर आवश्यकता परेमा सो भन्दा वढी पटक पनि वस्न सकिनेछ ।

३ समितिको वैठकमा आवश्यकता अनुसार यातायात विज्ञ तथा अन्य व्यक्तीलाई आमन्त्रण गर्न सकिने छ ।

४ समितिको वैठक संयोजकको आदेश अनुसार सदस्य सचिवले बोलाउने छ ।

५ समितिको वैठक भत्ता कार्यापालिका सदस्य सरह हुनेछ ।

६ समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४ समितिको काम कर्तव्य तथा अधिकारः

(१) गाउँ बस संञ्चालन प्रक्रिया तथा मापदण्ड निर्धारण गर्ने:

(२) गाउँ बस संञ्चालन क्षेत्र र समय निर्धारण गर्ने:

(३) संञ्चालित गाउँ बस सेवाको अनुगमन गरी पृष्ठपोषण गर्ने र सुझाब सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने:

(४) गाउँ बस सेवा संञ्चालन गर्न आवश्यक जनशक्ती व्यवस्थपान गर्ने:

(५) गाउँ बस सेवाको भाडादर निर्धारण गर्ने र सो को आधारमा बस भाडा निर्धारण गरी स्वीकृतीकालागि कार्यपालिकामा पेश गर्ने:

(६) गाउँ बस सेवा संञ्चालनका लागि अन्य आवश्यक व्यवस्था गर्ने:

(१) गाउँपालिका आफैले बस सेवा संञ्चालन गर्नु परेमा देहाय बमोजिम प्रक्रिया अपनाउनु पर्ने छ ।

क. बस सेवा संञ्चालन गर्न आवश्यक पर्ने जनशक्ती समितिले निर्धारण गर्नेछ ।

ख. बस संञ्चालन गर्न क बमोजिम निर्धारण गरेको जनशक्ती ज्यालादारी करारमा नियुक्ति गर्न समितिले कार्यालयलाई सिफारिस गर्ने छ ।

ग. समितिको सिफारिस अनुसार कार्यालयले ज्यालादारी करारमा जनशक्ती नियुक्त गर्ने छ ।

घ. निर्धारित बस भाडा संकलन गर्न समितिले तोकेको ढाँचामा गाउँपालिकाले टिकट रसिद अभिलेख तयार गरी बस संञ्चालक कर्मचारीलाई उपलब्ध गराउने छ ।

ङ. बस संञ्चालन गर्न आवश्यक पर्ने इन्धन कार्यालयले ब्यवस्था गर्ने छ ।

च. बस मर्मत संम्भार सम्वन्धी व्यवस्था कार्यालयले गर्ने छ ।

छ. समितिको सदस्य सचिवले बस संञ्चालन सम्वन्धिको लकबुक सहितको छुट्टै अभिलेख तयार गरी प्रत्येक महिनाको अन्त्यमा कार्यालय प्रमुखबाट प्रमाणित गराउनु पर्ने छ ।भाडामा बस संञ्चालन गर्न मासिक भाडा समितिले निर्धारण गरी गाउँ कार्यपालिकामा सिफारिस गर्ने छ गाउँ कार्यपालिकाबाट स्वीकृत भए बमोजिम हुनेछ ।

ज. खण्ड (वुदा ४ को ५) बमोजिम निर्धारण गरिएको मासिक भाडा गाउँ पालिकालाई वुझाउने प्रक्रिया दुवै पक्षबीच भएको सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

झ. तेस्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवा संञ्चालन गर्दा चालकको व्यवस्था कार्यालयले गर्ने छ ।

ञ. तेस्रो पक्ष सम्झौता (त्जष्चम एबचतथ ब्नचभभझभलत) मार्फत मासिक भाडामा बस सेवा संञ्चालन गर्दा आवश्यक पर्ने इन्धन र मर्मत सम्भार को व्यवस्था तेस्रो पक्षले गर्ने छ ।

ट. तेस्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवा संञ्चालन गर्दा अन्य कुरा प्रचलित कानून तथा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद ३

## गाउँपालिकाको बस संचालन गर्ने व्यक्ति संस्था वा कम्पनीको दायित्वः

**५. व्यक्ति संस्था वा कम्पनीको दायित्वः** (१) शिवालय गाउँपालिकाले व्यक्ति संस्था कम्पनी वा साझेदारी मार्फत पनि गाउ बस सेवा संचालन गर्न गराउन सक्ने छ । त्यसैगरी बस संचालन गर्ने व्यक्ति संस्था वा कम्पनीको सम्झौता पत्रमा उल्लेखित शर्तहरुको परि पालनको साथसाथै देहाय बमोजिमको दायित्व हुनेछ ।

क. यात्रुहरुलाई निर्धारित बस बिसौनी बाट मात्र चढाउने र ओर्लने व्यवस्था गर्ने ।

ख. यात्रुवर्ग उपभोक्ता वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यस्था मिलाउने ।

ग. चालक र परिचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने ।

घ. यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सर सफाई गर्ने/गराउने ।

ङ. सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसंग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने ।

च. अपाङ्गता भएका व्यक्ति महिला असक्त वालवालिका ज्येष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने ।

छ. चालक र परिचालकले प्रचलित कानुन बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने आवश्यक निर्देशन दिने ।

ज. प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामाग्री (फस्ट एड) अग्नि नियन्त्रण उपकरण फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने ।

झ. सवारी साधनमा गाउँपालिकाको स्वीकृति वेगर विज्ञापन नगर्ने ।

ञ. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा बस संचालन गर्दा गाउँपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडालिने व्यवस्था मिलाउने ।

ट. कात्तिक देखि माघ मसान्तसम्म विहान ६ बजेदेखि साझ ७ बजेसम्म र वाँकी अन्य महिनाको हकमा विहान ५ बजेदेखि साझ ७ बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा बस सेवा संचालन गर्नुपर्ने र आवश्यकता अनुसार अन्य समयमा पनि सेवा संचालनको व्यवस्था मिलाउने ।

ठ. सम्बन्धित निकाय वा गाउँपालिकाले समय-समयमा तोकेको मापदण्डको पूर्ण रुपमा परिपालन गर्ने ।

ड. सवारी साधनमा अनिवार्य रुपमा बमन थैली राख्ने ।

ढ. गाउँपालिकाबाट हुने नियमन अनुगमन कार्यमा सहयोग र समन्वय गर्ने ।

ण. गाउँपालिकाबाट समय समयमा दिइने निर्देशनको अनिवार्य रुपमा परिपालन गर्ने/गराउने ।

(२) गाउँ बस संचालन गर्ने व्यक्ति संस्था वा कम्पनिले देहायको कार्य गर्ने गराउने तर्फ समेत आवश्यक पहल गर्नुपर्नेछ ।

क. यात्रुको सुरक्षा व्यवस्था र अनुगमनका लागि सार्वजनिक यातायातका साधनमा सि. सि. टि. भि. क्यामेरा जडान गर्ने गराउने ।

ख. उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने ।

ग. सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्वीलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने ।

घ. यात्रुवर्ग र सर्वसाधारणका लागि गुणासो तथा सुझाव दिन र सेवा सम्बन्धि जानकारी दिन टोल फ्री नम्बर नोटिस वोर्ड सेवा इमेल वाइफाइ सामाजिक संजाल भ्वाइसमेल लगायतका प्रविधि जडान गर्ने ।

ङ. सार्वजनिक यातायात सेवा सम्बन्धमा मोवाइल र कम्प्युटरबाट सवारी साधनको अनुगमन तथा रुटहरुको अवस्थितिहरु प्रत्येक्ष देखिने जिपिएस ट्रयाकिङ जडान गरी एप्स प्रयोगमा ल्याउने ।

च. यात्रुहरुको सहजताका लागि दैनिक साप्ताहिक मासिक तथा वार्षिक रुपमा मान्य हुने टिकटहरु जारी गर्ने ।

## परिच्छेद ४
## सवारी चालक परिचालक तथा यात्रु सम्बन्धि व्यवस्था

**६. सवारी चालकः** देहायको योग्यता पुगेको नेपाली नागरिक गाउँ बसको चालक हुन योग्य मानिनेछ ।

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको ।

(ख) शारिरिक तथा मानसिक रुपमा स्वस्थ रहेको ।

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

**७ परिचालकः** देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरिक गाउँ बसको परिचालक हुन योग्य मानिनेछ ।

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको परिचालक इजाजत प्राप्त गरेको।

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ रहेको ।

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

**८. चालक परिचालक तथा यात्रुलाई प्रशिक्षणः** (१) गाउँपालिकाले गाउँ बस संचालन संग सम्बन्धित चालक परिचालक तथा यात्रुहरुलाई सार्वजनिक यातायात सम्बन्धि आधार भुत ज्ञान सीप प्रचलित कानुनी व्यवस्था तथा यात्रुसंग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिइनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा बस संचालन सम्बन्धि सेवा प्रदायक व्यक्ति संस्था वा कम्पनिले आफ्ना चालक तथा परिचालकहरुलाई अनिवार्यरुपमा सहभागी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागि भएका चालक तथा परिचालहरुलाई गाउँपालिकाबाट अनुसुची-४ बमोजिमको ढाँचामा परिचय पत्र प्रदान गरिनेछ ।

(४) गाउँ बसको प्रयोग गर्ने यात्रु तथा पैदल यात्रुलाई यात्रु अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामुलक प्रशिक्षण दिइनेछ ।

(५) चालक तथा सहचालकबाट कुनै अनैतिक कार्य गरेमा वा कार्य सन्तोष जनक नभएमा चालक तथा सहचालकलाई निलम्बन बर्खास्त र खारेजी गरिनेछ ।

## परिच्छेद ५
## कर्तव्य तथा निषेधित कार्यहरु

९. **यात्रुको कर्तव्य:** (१) गाउँ बस सेवा प्रयोग गर्ने यात्रुले चालक परिचालक तथा अन्य व्यक्तिसंग शिष्ट शालिन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम यातायातको साधन बसमा यात्रा गर्दा देहायका कार्य गर्नुहुदैन ।

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्न ।

(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने ।

(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने ।

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने ।

(ङ) म्याद समाप्त भएका तथा नक्कली परिचय पत्रबाट सुविधा लिन प्रयत्न गर्ने ।

(च) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर संकलन गर्न राखिएको भाडो वाहेक अन्यत्र जथाभावि फोहर फाल्ने ।

(छ) यातायातको साधनभित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने ।

(ज) यातायातका साधनमा जडान भएका भौतिक सामाग्रीहरुमा क्षति पुऱ्याउने ।

(झ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने त्यस्तै प्रकृतिका सामाग्रीहरु हेर्ने ।

(ञ) झगडा गर्ने डरधाक धम्कि दिने ।

(ट) यातायातका साधनमा आगो लगाउने सिसा फुटाउने ।

(ठ) यौनजन्य दुर्व्यवहार गर्ने ।

(ड) लागुऔषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गर्न प्रोत्सहान गर्ने ।

(ढ) बगली मार्ने वा चोरी गर्ने ।

(ण) जिस्काउने होच्याउने विभेद गर्ने ।

(त) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

१०. **चालकको कर्तव्य:** (१) गाउँ बस सेवा संचालन गर्ने चालकले यात्रुपरिचालक तथा अन्य व्यक्तिसंग शिष्ट शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँ बस सेवा संचालन गर्ने चालकले देहायका कार्य गर्नु हुदैन

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने ।

(ख) यात्रुसंग अशिष्ट भाषामा कुरा गर्ने ।

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने ।

(घ) बस बिसौनीमा निर्धारित समय भन्दा वढि समय सवारी साधन रोक्ने ।
(ङ) जेब्रा क्रसिङ्गमा पैदलयात्रुलाई प्राथमिकता नदिने ।
(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने ।
(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने अश्लील गीत बजाउने ।
(ज) जथाभावी पार्किङ गर्ने ।
(झ निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने ।
(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने ।
(ट) यौनजन्य दुर्व्यवहार गर्ने ।
(ठ) जिस्काउने होच्याउने र विभेदजन्य व्यवहार गर्ने ।
(ड) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**११. परिचालको कर्तव्यः** (१) गाउँ बस संचालनमा संलग्न परिचालकले यात्रु चालक तथा अन्य व्यक्तिसंग शिष्ट शालीन र सभ्य व्यवहार गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम गाउँ बस सेवा संचालनमा संलग्न परिचालकले देहायका कार्य गर्नु हुदैन

क) यात्रुसंग निर्धारित भन्दा वढि रकम असुल गर्ने ।
ख) टिकट दिन इन्कार गर्ने ।
ग) रकम फिर्ता गर्न आलटाल गर्ने ।
घ) यात्रुसंग अशिष्ट भाषामा कुरा गर्ने ।
ङ) निर्धारित पोशाक नलगाई गाउँ बस संचालनको परिचालकको काम गर्ने ।
च) सवारी साधनमा मदिराजन्य र सुर्तिजन्य पदार्थको सेवन गर्ने।
छ) यौनजन्य दुर्व्यवहार गर्ने ।
ज) जिस्काउने होच्याउने विभेदजन्य कार्य गर्ने ।
झ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१२. पैदल यात्रुको दायित्वः** (१) मानिस हिड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिड्नु पर्नेछ । पेटी नभएको सडकमा हिड्दा सो सडकको किनारा तर्फबाट हिड्ने गर्नु पर्नेछ ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा क्रसिङ्ग सव-वे ओभरहेड व्रिज वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ ।

(३) सडक पेटीमा यात्रा गर्न पैदल यात्रुले तोकिए बमोजिमको सडक अनुशासन तथा आचारसंहिता पालना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदल यात्रुले देहायका कार्य गर्नु हुदैन ।

क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने ।
ख) आफुले उत्सर्जन गरेको फोहर सडक तथा सार्वजनिक स्थानमा फाल्ने ।

ग) सडक पेटी तथा वरपरका स्थानहरुमा आवतजावतलाई असर पर्ने गरी अनावश्यक रुपमा भेला हुने भिडभाड गर्ने होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने ।

घ) गाउँपालकाले समय समयमा गर्न नहुने भनी तोकिएको कार्यहरु गर्ने ।

## परिच्छेद ६
## गाउँ बस संचालन हुने रुट सम्बन्धि व्यवस्था

**१३. गाउँ बस संचालन हुने रुटः** (१) गाउँ बस संचालनको लागि तत्काल अनुसुचि १ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) अवस्था र आवश्यकताको आधारमा कार्यपालिकाको निर्णय अनुसार रुट थपघट गर्न सकिने छ

**१४. यात्रु भाडा दरः** (१) गाउँ बस संचालनको लागि तत्काल अनुसुची २ बमोजिमको यात्रु भाडा दर निर्धारण गरिएको छ इन्धन लगायतका पदार्थको मुल्यमा हुने परिवर्तनको आधारमा तोकिएको भाडादर थप घट गर्न सकिने छ ।

## परिच्छेद ७
## सवारी चालक र परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा सम्बन्धि व्यवस्था

**१५. सवारी चालक तथा परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधाः** (१) सवारी चालकको पारिश्रमिक तथा तलव भत्ता लगायतका सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ र आवश्यकता अनुसार तोकिएको सेवा सुविधामा हेरफेर गर्न सकिनेछ ।

## परिच्छेद ८
## सवारी चालक र परिचालकको विदा सम्बन्धि व्यवस्था

**१६. सवारी चालक र परिचालकको विदाः** (१) सवारी चालक तथा परिचालकको विदा सम्बन्धि व्यवस्था करार सेवा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद ९
## टिकट सम्बन्धि व्यवस्था

**१७. टिकटको प्रयोगः** (१) बस संचालनमा कागजी र विद्युतीय गरी दुइ प्रकारका यात्रु टिकटहरु प्रयोग गर्न सकिनेछ ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नुपर्नेछ ।

**१८. टिकट अनिवार्य दिनुपर्नेः** (१) सवारी साधन बसमा चढ्नुभन्दा पहिले वा चढेपछि लगतै वा बसबाट झर्नु भन्दा पहिले यात्रुहरुसंग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित परिचालकको हुनेछ ।

(२) विद्युतिय टिकट रहेको खण्डमा ई-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्नेछ ।

(३) यात्रु टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ ।

(४) यात्रु टिकटमा धुम्रपान मद्यपान सुर्तिजन्य पदार्थ अश्लिल सामाग्री तथा सार्वजनिक हित विपरित हुने सामाग्रीहरुको प्रयोग तथा विज्ञापन गर्न पाइनेछैन ।

**१९. टिकट अनिवार्य लिनुपर्नेः** शिवालय गाउँपालिकाले रुट कायम गरी संचालन गर्ने साधन बसको प्रयोग गर्ने यात्रुले आफु चढ्ने बस बिसौनिमा वा सवारी साधन चढे लगतै वा सवारीबाट झर्नुभन्दा पहिले अनिवार्य रुपमा निर्धारित भाडा तिरी टिकट लिनुपर्नेछ ।

**२०. सहुलियत मुल्यमा टिकट प्रदान गर्नुपर्नेः** (१) सेवा प्रदायकले वालवालिका ज्येष्ठ नागरिक अपाङ्गता भउका व्यक्ति अशक्त जनआन्दोलनका घाइते शहिद परिवारका सदस्य विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई देहाय बमोजिम निर्धारण गरिएको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ ।

(क) पाँच वर्ष मुनिका वालवालिकालाई कुनै शुल्क नलाग्ने ।

(ख) असी वर्ष पुरा भएका ज्येष्ठ नागरिकलाई कुनै शुल्क नलाग्ने ।

(ग) सत्तरी वर्षका ज्येष्ठ नागरिकलाई टिकट दरमा पचास प्रतिशत छुट हुने ।

(घ) अपाङ्गता भएका व्यक्ति अशक्त जनयुद्ध जनआन्दोलनका घाइते शहिद परिवारलाई पचास प्रतिशत र विद्यार्थीलाई टिकट  दरमा तेत्तिस प्रतिशत छुट हुने ।

(२) उपदफा (१) बमोजिमको सहुलियत भाडा रकम लिदा पाँच ले भाग जाने अंक हुनेछ ।

(३) अन्य छुट सम्बन्धमा यातायात व्यवस्था कार्यालयको नियमावली बमोजिम हुनेछ।

## परिच्छेद १०
## विविध

**२१. यात्रुविमा सम्बन्धि व्यवस्थाः** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रुको प्रचलित कानुनले तोके बमोजिम विमा गर्नुपर्नेछ ।

**२२. गाउँ बस संचालन सम्बन्धि विशेष व्यवस्थाः** गाउँपालिकाले नेपालर सरकार प्रदेश सर कार अन्य स्थानीय सरकार सम्वद्ध संघ संस्था तथा व्यक्तिहरुसंग साझेदारी वा सयुंक्त व्यवस्थापनमा गाउँ बस संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

**२३. प्रचलित कानुन बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख नभएका विषयमा प्रचलित संघीय प्रदेश र स्थानीय कानुन बमोजिम हुनेछ ।

**२४. निर्देशिका संशोधनः** शिवालय गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठको निर्णय बमोजिम यस निर्देशिकामा उल्लेखित व्यवस्थाको संशोधन तथा थपघट गर्न सकिनेछ ।

२५. **मापदण्ड बनाउने अधिकारः** गाउँ कार्यपालिकाले यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

२६. **बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयन गर्दा तत्काल कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ। त्यसरी कार्यपालिकाबाट भएको वाधा अड्काउ सम्बन्धि निर्णय प्रस्तुत निर्देशिकाको अभिन्न अङ्ग मानिने छ ।

**आज्ञाले:**
दल बहादुर बाँठा
निमित्त प्रमुख प्रशासकी अधिकृत